# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८३।०३।२३ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला रौतहट, गढीमाई नगरपालिकाबाट आ.व. २०७६/०७७ को लागि लक्ष्मीपुर-धर्मपुरघाटको बालुवा, गिट्टी, ग्राभेलको आन्तरिक आय ठेक्कामा बुझाउनुपर्ने रकम नबुझाई राजस्व हिनामिना गरेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा गढीमाई नगरपालिकाले आ.ब. २०७६।०७७ का लागि लक्ष्मीपुरदेखि धर्मपुरसम्म नाकाको बालुवा, गिट्टी, ग्राभेल उत्खनन्, संकलन, बिक्री तथा निकासी कार्यको आय ठेक्काको वोलपत्र आह्वान भएकोमा बोलपत्रदाता भाग्यमणी कन्स्ट्रक्सन कम्पनी प्रा.लि.,बत्तीसपुतली, काठमाडौंले कबोल गरेको रकम रू.१,०५,००,०००।- (एक करोड पाँच लाख रूपैयाँ) को ठेक्का स्वीकृत भई सम्झौताको लागि बोलाइएकोमा उक्त कम्पनीले पुरै रकम दाखिला नगरी धरौटी मिलान सहित रू.४०,५०,०००।- (चालीस लाख पचास हजार रूपैयाँ) मात्र दाखिला गरी रू.६४,५०,०००।- (चौसठ्ठी लाख पचास हजार रूपैयाँ) दाखिला हुन बाँकी रहेकै अवस्थामा पूरै रकम दाखिला गरेको भनी कबोल अंकको १०% ले हुने रकम छुट समेत दिई गलत व्यहोरा उल्लेख गरी टिप्पणी उठाई ठेक्का स्वीकृत गरी गलत प्रतिवेदनका आधारमा सम्झौता गरेको तथा मूल्य अभिबृद्धि करबापत कबोल अंकको १३% ले हुन आउने रू.१३,६५,०००।- (तेह्र लाख पैसठ्ठी हजार रूपैयाँ) रकम बुझाएको समेत नदेखिएको साथै २२,४३५.०० घनमिटर नदीजन्य पदार्थ उत्खनन र निकासी गरी ठेकेदारले सकार गरेको रकमकै आधारमा रू.१,१०,९१,३०३।१२ (एक करोड दश लाख एकान्नब्बे हजार तीन सय तीन रूपैयाँ पैसा बाह्र) बराबरको लाभ समेत हासिल गरिसकेको देखिन आएबाट प्रचलित कानुन, ठेक्का सूचना तथा सम्झौताका स्पष्ट शर्तहरू विपरीत ठेकेदार भाग्यमणी कन्स्ट्रक्सन कम्पनी प्रा.लि. लाई बदनियतपूर्वक गैरकानुनी लाभ तथा नेपाल सरकार/गढीमाई नगरपालिका, रौतहटलाई हानिनोक्सानी पुऱ्याई जम्मा रू.७८,१५,०००।- (अठहत्तर लाख पन्ध्र हजार रूपैयाँ) राजस्व चुहावटसमेत गरेको तथा रकम दाखिला नहुँदै दाखिला भैसकेको भनी गलत प्रतिवेदन दिने कार्यसमेत गरेको हुँदा उक्त कार्यमा संलग्न देहायका प्रतिवादीहरू उपर देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | गढीमाई नगरपालिका, रौतहटका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत **शुभाष कुमार ठाकुर** | रू.७८,१५,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (क) बमोजिमको भ्रष्टाचारजन्य कसुरमा बिगो रू. अठहत्तर लाख पन्ध्र हजार रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ बमोजिम बिगो रकमको दोब्बर जरिवाना सजाय हुन तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) |

| | | | |
|---|---|---|---|
| | | | बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन मागदाबी लिइएको छ। |
| २. | गढीमाई नगरपालिका, रौतहटका तत्कालीन लेखा प्रमुख **कामेश्वर सहनी** | रू.७८,१५,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (क) बमोजिमको भ्रष्टाचारजन्य कसुरमा बिगो रू. अठहत्तर लाख पन्ध्र हजार रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ बमोजिम बिगो रकमको दोब्बर जरिवाना सजाय हुन साथै, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन मागदाबी लिइएको छ। |
| ३. | **भाग्यमणी कन्स्ट्रक्सन कम्पनी प्रा.लि.**, तथा उक्त कम्पनीका मुख्य भई काम गर्ने **राधेश्याम साह** | रू.७८,१५,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (क) बमोजिमको कसुरजन्य कार्यको गैरकानुनी लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा बिगो रू. अठहत्तर लाख पन्ध्र हजार रूपैयाँ कायम गरी मुख्य कसुरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र सोही ऐनको दफा ७ बमोजिम बिगो रकमको दोब्बर जरिवाना हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने